# नेपाल विद्युत प्राधिकरण

## प्रशासन सेवा, सबै समूह/उपसमूह, तह-४ का पदको पदको लागि खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

पाठ्यक्रम योजनालाई निम्नानुसारका दुई चरणमा विभाजन गरिएको छ ।

**प्रथम चरण:** लिखित परीक्षा पूर्णाङ्क :- २००

**द्वितीय चरण:** अन्तर्वार्ता पूर्णाङ्क :- ३०

### परीक्षा योजना (Examination Scheme)

**१. प्रथम चरणः लिखित परीक्षा** **पूर्णाङ्कः- २००**

<table>
<tr><th>पत्र</th><th>विषय</th><th>पूर्णाङ्क</th><th>उत्तीर्णाङ्क</th><th>खण्ड</th><th colspan="2">परीक्षा प्रणाली</th><th>प्रश्नसख्या * अङ्क</th><th>समय</th></tr>
<tr><td rowspan="2">प्रथम</td><td rowspan="2">सामान्य ज्ञान, गणित र कम्प्युटर</td><td rowspan="2">१००</td><td rowspan="2">४०</td><td colspan="2">वस्तुगत</td><td>बहुवैकल्पिक प्रश्न (MCQ)</td><td>५० प्रश्न *१ अङ्क</td><td>४५ मिनेट</td></tr>
<tr><td colspan="2">विषयगत</td><td>छोटो उत्तर आउने प्रश्न</td><td>१० प्रश्न * ५ अङ्क</td><td>१ घण्टा १५ मिनेट</td></tr>
<tr><td rowspan="4">द्वितीय</td><td rowspan="4">सेवा सम्बन्धी विस्तृत ज्ञान</td><td rowspan="4">१००</td><td rowspan="4">४०</td><td rowspan="2">(क)</td><td rowspan="4">विषयगत</td><td>छोटो उत्तर आउने प्रश्न</td><td>६ प्रश्न * ५ अङ्क</td><td rowspan="4">२ घण्टा ३० मिनेट</td></tr>
<tr><td>लामो उत्तर आउने प्रश्न</td><td>२ प्रश्न * १० अङ्क</td></tr>
<tr><td rowspan="2">ख)</td><td>छोटो उत्तर आउने प्रश्न</td><td>६ प्रश्न * ५ अङ्क</td></tr>
<tr><td>लामो उत्तर आउने प्रश्न</td><td>२ प्रश्न*१० अङ्क</td></tr>
</table>

**२. द्वितीय चरणः अन्तरवार्ता** **पूर्णाङ्कः- ३०**

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली |
|---|---|---|
| अन्तरवार्ता | ३० | मौखिक |

**द्रष्टव्यः**

१. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुन सक्नेछ।
२. प्रथम र द्वितीय पत्रको लिखित परीक्षा छुट्टा छुट्टै हुनेछ।
३. लिखित परीक्षामा सोधिने प्रश्न संख्या र अंकभार यथासम्भव सम्वन्धित पत्र/विषयमा दिईए अनुसार हुनेछ।
४. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरु गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर वापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ ।तर उत्तर नदिएमा त्यस बापत अंङ्क दिइने छैन र अंङ्क कट्टा पनि गरिने छैन ।
५. वस्तुगत बहुवैकल्पिक हुने परीक्षामा परीक्षार्थीले उत्तर लेख्दा अंग्रेजीमा ठुलो अक्षर (Capital Letter) A,B,C,D लेख्नु पर्नेछ ।सानो अक्षर (Small Letter) a,b,c,d लेखेको वा अन्य कुनै संकेत गरेको भए सबै उत्तरपुस्तिका रद्ध हुनेछ ।
६. बहुवैकल्पिक प्रश्नहरु हुने परीक्षामा कुनै प्रकारको क्याल्कुलेटर(Calculator) प्रयोग गर्न पाईने छैन ।
७. विषयगत प्रश्नहरुको हकमा एउटा लामो प्रश्न वा एउटै प्रश्नका दुई वा दुई भन्दा वढी भाग (Two or more Parts of a single question) वा एउटा प्रश्न अन्तर्गत दुई वा वढी टिप्पणीहरु (Short notes) सोध्न सकिनेछ।
८. विषयगत प्रश्न हुने पत्र/विषयमा प्रत्येक खण्डका प्रश्नका लागि छुट्टाछुट्टै उत्तरपुस्तिकाहरु हुनेछन। परीक्षार्थीले प्रत्येक खण्डका प्रश्नको उत्तर सोही खण्डको उतरपुस्तिकामा लेख्नु पर्नेछ।
९. यस पाठ्यक्रम योजना अन्तर्गतका पत्र/विषयका विषयवस्तुमा जुन सुकै कुरा लेखिएको भए तापनि पाठ्यक्रममा परेका कानून, ऐन, नियम, विनियम तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी संशोधन भई) कायम रहेकालाई यस पाठ्यक्रममा परेका सम्झनु पर्नेछ।
१०. प्रथम चरणको परीक्षावाट छनौट भएका उम्मेवारहरुलाई मात्र दोश्रो चरणको परीक्षामा सम्मिलित गराईनेछ।
११. **पाठयक्रम स्वीकृत मितिः- २०८०/०८/२१**

**नेपाल विद्युत प्राधिकरण**

**प्रशासन सेवा, सबै समूह/उपसमूह, तह-४ का पदको पदको लागि खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**

## प्रथम पत्र

### सामान्य ज्ञान ,गणित र कम्प्युटर

१. **सामान्य ज्ञान** ७० अङ्क (४०*१=४०, ६*५=३०)

१.१ नेपालको भूगोल र आर्थिक तथा सामाजिक कृयाकलापः धरातलीय स्वरुपको किसिम र विशेषता, नेपालमा पाईने हावापानीको किसिम र विशेषता नदीनाला तालतलैया, खनिज पदार्थ, यातायात, विद्युत, शिक्षा, स्वास्थ्य सम्बन्धी जानकारी

१.२ नेपालको इतिहासः किरांतकाल, मल्लकाल र आधुनिक इतिहासका प्रमुख घटना सम्बन्धी जानकारी

१.३ नेपालको सामाजिक तथा सांस्कृतिक अवस्थाः प्रथा, परम्परा, धर्म, जातजाति, भाषाभाषी, संस्कृति, कला, साहित्य तथा संगीत

१.४ नेपालको संविधान (विशेषता, संवैधानिक अङ्ग, मौलिक हक, नागरिकका कर्तव्य र दायित्व तथा अनुसूचीहरु- ५, ६, ७, ८ र ९

१.५ वातावरण प्रदूषण र जलवायु परिवर्तनका कारक तत्व र नेपालमा वातावरण प्रदूषण नियन्त्रण तथा जलवायु परिवर्तन व्यवस्थापनका लागि गरिएका व्यवस्था

१.६ नेपालको आर्थिक विकासका प्रमुख आधारहरुः कृषि, उद्योग, व्यापार, पर्यटन, मानव संसाधन, उर्जा, सूचना प्रविधि

१.७ नेपालको जलस्रोत, सौर्य उर्जा, वायु उर्जा र नेपाल विद्युत प्राधिकरण सम्बन्धी जानकारी

१.८ दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन र संयुक्त राष्ट्र संघ सम्बन्धी जानकारी

१.९ समसामयिक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनाहरुबारे जानकारी

२. **गणित सम्बन्धी ज्ञानः २५ अङ्क (५*१=५, ४*५=२०)**

२.१ **सामान्य गणितः** प्रतिशत, भिन्न, दशमलव, औषत, नाफा-नोक्सान, ऐकिक नियम, ब्याज

३. **कम्प्युटर सम्बन्धी ज्ञानः ५ अङ्क (५*१=५)**

३.१ **कम्प्युटर सम्बन्धी ज्ञानः** Word Processing, Excel, PowerPoint, Internet सम्बन्धी जानकारी

**नेपाल विद्युत प्राधिकरण**

**प्रशासन सेवा, प्रशासन समूह/ उपसमूह, तह- ४, सिनियर मिटर रिडर पदको खुला प्रतियोगिताको पाठ्यक्रम**

**<u>द्वितीय पत्रः</u>**

**सेवा सम्बन्धी विस्तृत ज्ञान**

**खण्ड (क) : ५० अङ्क**

१. **विषयगत ज्ञान**

१.१ नेपालमा जलविद्युतको सम्भाव्यता र विकास, विद्युत विकासमा विद्युत प्राधिकरण र निजी क्षेत्रको भूमिका

१.२ उर्जा मन्त्रालय, जल तथा उर्जा आयोग, विद्युत नियमन आयोग, विद्युत विकास विभागका काम, कर्तव्य र अधिकार

१.३ कार्यालय : परिचय, महत्व र कार्य तथा कार्य वातावरण

१.४ कार्यालय स्रोत साधन : परिचय र प्रकार

१.५ पत्र व्यवहार, दर्ता र चलानी, फाइलिङ्ग र फाइलिङ्ग प्रकृया, अनुक्रमणिका (Indexing), टिप्पणी लेखन तथा टिप्पणी तयार गर्दा ध्यान दिनुपर्ने कुराहरु

१.६ सुपरिवेक्षण र मूल्याङ्कनका प्रकृयाहरु

१.७ कार्यालयमा जनसम्पर्क तथा गुनासो व्यवस्थापन

१.८ कार्यालयमा व्यवस्थापन सूचना प्रणाली (MIS) र यसको महत्व तथा आवश्यकता

१.९ कर्मचारी प्रशासनः अवधारणा, नियुक्ति, उत्प्रेरणा, मनोबल, कार्यसम्पादन मूल्यांकन, कर्मचारी आचरण र विभागीय सजाय

१.१० संगठनमा जनशक्ति विकासको आवश्यकता र नेपाल विद्युत प्राधिकरणमा जनशक्ति विकासको विद्यमान अवस्था

१.११ सार्वजनिक सेवा प्रवाहको अर्थ, महत्व, सेवा प्रवाह गर्ने निकाय, तरिका तथा माध्यमहरु

१.१२ नागरिक वडापत्र

१.१३ सुशासनः अवधारणा, अवयवहरु र यसको आवश्यकता

**खण्ड (ख) : ५० अङ्क**

२. **कानून सम्बन्धी ज्ञान**

२.१ **नेपालको संविधान** : प्रारम्भिक (भाग-१), नागरिकता (भाग-२), मौलिक हक र कर्तव्य (भाग-३), राज्यका निर्देशक सिद्धान्त (भाग-४), राज्यका नीतिहरुः प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्धन र उपयोग सम्बन्धी नीति, श्रम र रोजगार सम्बन्धी नीति (भाग-४), राज्यको दायित्व (भाग-४), राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड (भाग-५), अनुसूचीहरु (१,२,३,४ र ५)

२.२ **नेपाल विद्युत प्राधिकरणको प्रचलित कर्मचारी सेवा, शर्त विनियमावली** : परिभाषा, नियुक्ति, सरुवा र बढुवा सम्बन्धी व्यवस्था, कार्यालय समय, हाजिरी र नियमितता, विदा सम्बन्धी व्यवस्था, अवकाश, उपदान र निवृत्तिभरण सम्बन्धी व्यवस्था, आचरण र विभागीय कारवाही सम्बन्धी व्यवस्था

२.३ **नेपाल विद्युत प्राधिकरण प्रचलित आर्थिक प्रशासन विनियमावली** : प्रारम्भिक (परिच्छेद- १), लेखा, लेखा परीक्षण र बेरुजु फछ्यौट (परिच्छेद- ५), सम्पत्तिको जिम्मा, लगत, संरक्षण र बरबुझारथ (परिच्छेद- ६)

२.४ **नेपाल विद्युत प्राधिकरण ऐन, २०४१** : प्रस्तावना, परिभाषा, प्राधिकरणको स्थापना, सञ्चालक समितिको गठन, सञ्चालकहरु, सञ्चालकको निमित्त अयोग्य हुने, सञ्चालकलाई हटाउन सकिने, सञ्चालकको रिक्त स्थानको पूर्ति, प्राधिकरणको काम, कर्तव्य र अधिकार, विद्युत लाइन काट्न सकिने

२.५ **विद्युत चोरी नियन्त्रण ऐन, २०५८** : परिभाषा, कसुर गरेको मानिने, पुनरावलोकनको लागि निवेदन गर्न सक्ने, दण्ड सजाय, चोरी गरी खपत गरेको विद्युत इकाईको निर्धारण गर्ने प्रकृया

२.६ **विद्युत चोरी नियत्रन्ण नियमावली, २०५९** : विद्युत आपूर्ति बन्द गर्न सक्ने अवस्था, पुनः विद्युत लाइन जडान गर्ने सम्बन्धी व्यवस्था, पुरस्कार सम्बन्धी व्यवस्था

२.७ **भ्रष्टाचार निवारण ऐन, २०५९** : प्रारम्भिक, भ्रष्टाचार कसुर र सजाय सम्बन्धी व्यवस्था

२.८ **विद्युत वितरण नियमावली, २०७८** : मिटर जाँच तथा मिटर रिडिङ्ग सम्बन्धी व्यवस्था (परिच्छेद- ३)

२.९ **प्रचलित विद्युत महसुल संकलन विनियमावली**